# व्यवसायिक तरकारी खेती तालिम




**निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड**
**परवानीपुर, बारा**

**२३-२५ चैत्र २०७८**

C-12 Vegetable Farming Training, Parwanipur, Bara 06-08 April 2022

निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड शाखा कार्यालय परवानीपुर, बाराले ३८ जना ग्राहक सदस्यहरूको सहभागितामा २०७८ चैत्र २३ गते देखि २५ गते सम्म परवानीपुरमा **"व्यवसायिक तरकारी खेती तालिम"** सम्पन्न गरेको छ । निर्धन उत्थान क्षेत्रीय कार्यालय बिरगंजका कार्यक्रम अधिकृत श्री सुनिल कुमार सिंहको आतिथ्यतामा कार्यक्रम शुभारम्भ गरिएको थियो । उक्त तालिमलाई कृषि अनुसन्धान निर्देशनालयका बिज्ञहरु डा.सुरेश कुमार साह, बैज्ञानिक श्री मिताली कुमारी साह, श्री नारायण महतो र प्रधानमन्त्री कृषि परियोजनाका श्री दिपेन्द्र मनोहर चौधरीले प्रशिक्षण दिएका थिए ।

कार्यक्रम अधिकृत श्री सुनिल कुमार सिंहले परिवारमा एक जना उद्यमी बनाउन संस्थाले पहल गरी रहेको, संस्थाले साढे दुई दशक देखि निरन्तर लघुवित्त सेवा दिईरहेको र संस्थाबाट कर्जा लिई व्यवसाय गरी सदस्यहरु लघुउद्यमी बाट साना उद्यमीमा रूपान्तरण भएको बताउनु भएको थियो ।

तालिममा व्यवसायिक तरकारी खेतीको बारेमा जानकारी, नेपालमा तरकारी खेतीको आवश्यकता, महत्व र वर्तमान स्थिती, हिउँदे तरकारी खेती प्रबिधि, करेसाबारीको परिचय, तरकारी खेती नर्सरी बनाउने तरीका, लहरे तरकारी खेती प्रबिधि (लौका, काँक्रो, फर्सि, करेला, घिरौंला) जरे तरकारी खेती प्रबिधि (मुला, गाजर, सलगम) र यसको फाईदाहरु, कोसे तरकारी खेती प्रबिधि (सिमी, बकुला, बोडी, केराउ), तरकारी खेतीमा मलखादको प्रयोग, सिंचाई तथा यसको ब्यवस्थापन, साग बालि खेती र बेमौसमी तरकारी खेती प्रबिधि, तरकारी खेती बालिमा लाग्ने रोगकिराहरु तथा बिषादीको उचित प्रयोग, तरकारी बालिमा उचित पोष्ट हार्भेष्ट, बेच बिखन तथा बजार ब्यवस्थापन सम्बन्धि सहजिकरण गरिएको थियो ।

तालिमको अन्त्यमा सहभागी श्री शोभा देबी र श्री चिन्ता देबीले मन्तब्य राखेका थिए । व्यवसायिक रूपमा तरकारी खेती गरी आम्दानी वृद्धि गर्न तालिमले हौसला प्रदान गरेको र तालिममा सिकेका विषयहरूलाई व्यवहारमा प्रयोग गरि व्यवस्थित र आधुनिक तरिकाले व्यवसायिक तरकारी खेती सञ्चालन गर्ने सहभागीहरूले प्रतिवद्धता जनाएका थिए । तालिम कार्यक्रमको संयोजन परवानीपुर शाखा कार्यालयका प्रमुख श्री नन्दुनाथ कवंरयोगीले जानकारी गराएका थिए ।